आज मिति २०७५/८/६ गतेका दिन विहान ८ वजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रवहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक वसी तपशिलको उपस्थितीमा तपशिल वमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

श्री भुपेन्द्रवहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द वहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत वहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम वहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलवहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण वहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमवहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान वहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव

**आमन्त्रित**

श्री राम वहादुर बुढा, शाखा अधिकृत
श्री मान वहादुर ठाडा, लेखा अधिकृत
श्री कुलवहादुर खड्का, प्रशासन शाखा (सहयोगी)
श्री शेर ५० खार्की, सरसफाइकर्मी सहयोगी

Scanned by CamScanner

**प्रस्ताव नं : १ अदालतको प्रत्तिउत्तर लगाउने सम्बन्धमा ।**

निर्णय नं. १ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा नेपाल कर्मचारी यूनियनको तर्फबाट अ.प्रा. कमल प्रसाद खतिवडासमेत निवेदक रहेको भेरीगंगा न.पा. कार्यालय रहेको उत्प्रेषण मुद्धामा गुज्रेको म्याद थमाई लिखित जवाफ पेश गर्न सर्वोच्च अदालत काठमाण्डौं जानका लागि भेरीगंगा नगर कार्यपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार/जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : मसिना खानेपानीको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. २ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा मसिना खानेपानीको गत आर्थिक बर्षमा संचालन भएको योजना क्रमागत रुपमै संचालन भईरहेकोले आवश्यक प्रक्रिया पुरा गरी कार्यालयबाट म्याद थप गरी भुक्तानीका लागि अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : सरसफाईकर्मी र सामाजिक परिचालकहरुको रकम थप सम्बन्धमा ।**

निर्णय नं. ३ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाकामा कार्यरत ज्यादालारी सरसफाईकर्मीहरुको मासिक रुपमा १० हजार दिदै आएकोमा मासिक रुपमा १३ हजार रुपैया दिने निर्णय गरियो । साथै सामाजिक परिचालकहरुको १२ हजार निर्णयभएकोमा १५ हजार रकम आन्तरिक आम्दानी र वित्तिय समानीकरण तर्फको परामर्श शिर्षकबाट वेहोर्ने गरी २०७५ मंसीर १ गतेबाट लागू हुने गरी निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : सामाजिक तथा वातावरणीय विकासका लागि युवा संजाल (YONSED) लाई रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ४ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा यस नगरपालिकामा प्राप्त प्रस्तावलाई अध्ययन गर्दा यस नगरपालिकाबाट ८५ हजार रुपैयाँ म्याचिङ फण्डबाट विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : वडा अध्यक्षको सहयोगी सम्बन्धमा ।**

निर्णय नं. ५ : वडा नं. ४ का वडा अध्यक्ष श्री महाविर खत्रीको श्रवण शक्तिको समस्याका कारण सोही वडाका वडा सदस्य श्री रेशम बहादुर पुनलाई सहयोगीको रुपमा कार्यपालिकामा समेत सहभागि हुने गरी सहयोगी तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : कोल्ड स्टोरको लागि रकम प्रतिवद्धता सम्बन्धमा ।**

निर्णय नं. ६ : कोल्ड स्टोरको सम्बन्धमा यस कार्यालयमा नारी जागरण बहुउद्देश्यीय कृषि समूह भेरीगंगा १२ सुर्खेतबाट प्राप्त प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपंक्षि विकास मन्त्रालय अन्तर्गत साना तथा मझौला कृषक आयस्तर वृद्धि परियोजना (रिजम) को रकम सहितको पत्र तथा स्टमेटसमेत प्राप्त भएमा यस कार्यालयबाट म्याचिङ फण्टवाट रकम रु ६५ लाख रुपैयाँ दिने प्रतिवद्धता गरियो ।

**प्रस्ताव नं ७ : कार्यालय भवन, कम्पाउन्ड र कार्यकक्ष, कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ७ : यस नगरपालिकाको कार्यालय भवन, सभाहल, कम्पाउन्ड तथा कार्यकक्ष अध्ययन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका उप समिति गठन गर्ने निर्णय गरियो । साथै समितीलाई आगामी मंसीर १७ गतेभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

**तपसिल**

१ संयोजक : मान बहादुर बुढा मगर, पुर्वाधार विकास समिति

२ सदस्य : प्रतिक्षा वि.क., का.पा. सदस्य

३ सदस्य : राम बहादुर बुढा, शाखा अधिकृत

४ सदस्य : वीरेन्द्रजंग शाही, सव इन्जिनियर

५ सदस्य : डीकेन्द्र पौडेल, जिन्सि शाखा


साथै कर्मचारी व्यवस्थापन सम्बन्धि प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खरेलको संयोजकत्वमा लेखा अधिकृत श्री मान बहादुर ठाडा, शाखा अधिकृत श्री राम वहादुर वुढा र ना.सु श्री कुल वहादुर खड्का सदस्य रहने गरी उप समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ : प्रहरी विट सम्बन्धमा ।**

निर्णय नं. ८ : यस नगरपालिका कार्यालयको शान्ति सुरक्षालाई मध्यनजर गरी न.पा. कार्यालय प्राङगण अगाडि प्रहरी विट स्थापना गरी संचालन गर्न इलाका प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : यम्बुलेन्स खरिद सम्बन्धमा ।**

निर्णय नं. ९ : यस नगरपालिकामा हाल यम्बुलेन्स नभएकोले नगरपालिकामा २ वटा यम्बुलेन्स खरिद गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै रकम अपुगभएमा म्याचिङ फण्टबाट खर्च गर्ने निर्णय गरियो ।



Scanned by CamScanner